# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पुस २४ गते २०४१ साल

श्री ५ को सरकार

### शिक्षा तथा संस्कृति मन्त्रालयको

### सूचना

**प्राविधिक तथा व्यावसायिक शिक्षा समिति (गठन) (पहिलो संशोधन)**

**आदेश, २०४०**

प्राविधिक तथा व्यावसायिक शिक्षा समिति (गठन) आदेश, २०३९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "प्राविधिक तथा व्यावसायिक शिक्षा समिति (गठन) (पहिलो संशोधन) आदेश, २०४०" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षा समिति (गठन) आदेश, २०३९ को दफा २ मा संशोधनः प्राविधिक तथा व्यावसायिक शिक्षा समिति (गठन) आदेश, २०३९ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को,–

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–



६५९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(क) "विद्यालय" भन्नाले प्राविधिक तथा व्यावसायिक शिक्षा वा तालीम दिने शिक्षालय वा प्रशिक्षण केन्द्र सम्झनुपर्दछ ।"

(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :–

"(ख) "शिक्षक" भन्नाले विद्यालय प्रमुख, उप-प्रमुख, वरिष्ठ प्रशिक्षक, प्रशिक्षक र सहायक प्रशिक्षकसमेत सम्झनुपर्दछ ।"

३. मूल आदेशको दफा ३ मा संशोधनः मूल आदेशको दफा ३ को उप-दफा (२) को,–

(१) खण्ड (क) मा रहेको "मन्त्री" भन्ने शब्दपछि "वा राज्यमन्त्री" भन्ने शब्द थपिएको छ ।

(२) खण्ड (क) पछि देहायको खण्ड (क १) थपिएको छः–

"(क१) माननीय शिक्षा तथा संस्कृति सहायक मन्त्री – उपाध्यक्ष"

४. मूल आदेशको दफा ४ मा संशोधनः मूल आदेशको दफा ४ को उप-दफा (१) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः–

"(घ) श्री ५ को सरकार र श्री ५ को सरकारको स्वामित्वमा रहेका सङ्गठित संस्थाद्वारा सीप विकासको निमित्त दिइने प्राविधिक तथा व्यावसायिक तालीमको क्षेत्र तोक्ने, स्तर निर्धारण गर्ने, प्रमाणिकरण गर्ने र त्यस्तो तालीमहरूमा एकरूपता कायम गर्ने ।"

५. मूल आदेशको दफा १० मा संशोधनः मूल आदेशको दफा १० को उपदफा २ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) विद्यालय प्रमुखको काम, कर्तव्य र अधिकार ।"

आज्ञाले,
डा. नरसिंह नारायण सिंह
श्री ५ को सरकारको सचिव

६६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।